श्री सर्वोच्च अदालतमा दायर गरेको

निवेदन-पत्र

विषय :: नेपालको संविधानको धारा ४६ र १३३ (२),(३) बमोजिम उत्प्रेषण, परमादेश लगायत अन्य उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ ।

कैलाली जिल्ला, गोदावरी न.पा.वडा नं. ६ घरभई हाल का.जि., का.म.पा., वडा नं. २९ स्थित जोशी ल एण्ड एसोसिएट्सका अधिवक्ता दिपकराज जोशी प्र.प.नं. १३९५७-१, दाङ जिल्ला तुलसिपुर उपमहानगरपालिका वडा नं.१२ घरभई हाल का.जि.का.म.न.पा.वडा नं.११, अनामनगर स्थित शिखर ल एशोसियटस् प्रा.लि.का अध्यक्ष अधिवक्ता अनिल आचार्य (प्र.प.नं.१६३२६)-१, शिवप्रसाद खनालको नाति लेखतबहादुर खनालको छोरा सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा., वडा नं. ४ घरभई हाल का.जि., का.म.पा., वडा नं. २९ बस्ने वर्ष ३८ को अधिवक्ता कृष्णबहादुर खनाल-१ र डडेलधुरा जिल्ला, गन्यापधुरा गा.. पा.. वडा नं. १ घरभई हाल का.जि., का.म.पा., वडा नं. २९ बस्ने वर्ष ३३ को अधिवक्ता चुडामणी भण्डारी प्र.प.नं. १९४४० समेत ४ जनाको बारेस भागरथीकुमारी जोशी .......... १ — निवेदक पक्ष

विरुद्ध

श्री सम्माननिय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार................................................ १

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं...................... १

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर......................... १

— विपक्षी प्रत्यर्थी

मुद्दाः उत्प्रेषणयुक्त परमादेश ।

हामी निवेदकहरु निवेदन वापत लाग्ने दस्तुर साथै राखि नेपालको संविधानको धारा १७, १८, ३१, ४६, १३३(२)(३), शिक्षा ऐन, २०२८ को दफा १६(घ)(१ख) अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धि ऐन, २०७५ को दफा २०(१), शिक्षा नियमावली २०५९, को नियम

८४(१)(५), सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२(क)(ख), ४०, ४१,४२, ४९, अन्तर्गत प्रस्तुत रिट निवेदन लिई उपस्थित भएको छु ।

१. हामी निवेदकहरु आफ्नो राष्ट्र, राष्ट्रियता र संविधानवाद प्रति सचेत नेपालि नागरिक हुनुका साथै हामीले सार्वजनिक सरोकारका विषयमा पटकपटक कलम चलाउँदै आएको हुँदा यस निवेदनमा उल्लेख भएको विषयमा पनि हाम्रा बाबुनानीहरु पनि स्कूलमा पढीरहेको, स्कूलमा पढीरहेको पाठ्यक्रममा पहिले नै क्रेडिट आवरको व्यवस्था रहेको र शनिवार र आइतवार विदा दिंदा वर्षभरीको पाठ्यक्रम नियमित समयमा र निश्चित अवधिमा पढाउन नसकिने भएको हुँदा विद्यालय शिक्षा जस्तो संवेदनशील विषयमा हामीहरुको पनि सार्थक सरोकार रहेकोले प्रस्तुत निवेदनमा हकदैया कायम गरी उपस्थित भएका छौं । मौजुदा कानूनको संसोधन बिना शैक्षिक क्यालेन्डरलाई समेत प्रभावित गर्ने गरी गरी शैक्षिक सत्र सुरुवातको मिति, साप्ताहिक बिदा, पढाई हुने दिन समेतमा शनिबार र आइतबारको बिदाको कारणले गर्दा सो आधारमा समेत मुद्दा गर्ने हकदैया हामीमा रहेको छ । विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदले सो विषयमा अन्य कुनै प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था रहेको छैन ।

२। हामी निवेदकहरु सामाजिक न्याय, अन्तराष्ट्रिय कानून तथा नागरिकको अधिकार अन्तर्गत नेपाल सरकारले पुरा गर्नु पर्ने दायित्व प्रति राज्यको ध्यान आकृष्ट गराउनुका साथै संबिधान प्रदत्त नेपालि नागरिकका मौलिक हकहरु निशर्त कार्यान्वयन गर्नको लागि राज्यलाई जिम्मेवार बनाउँदै आएका छौं । जनताको लागि जनताप्रति उत्तरदायि सरकारले गर्ने हरेक कार्यहरु जनताको भावनालाई समेटने गरी कानूनको परिधि भित्र रहेर कानून बमोजिम काम गर्नु पर्ने हुन्छ । तर, सरकारले संबिधान, शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ मा भएको मन्त्रिपरिषदको नीतिगत निर्णयका आधारमा विपक्षी नेपाल सरकारले नेपाल सरकारले पेट्रोलियम पदार्थ आपूर्तिमा देखिएको असहजताका कारण चैत २३ गतेदेखि लागू हुने गरी २०८२ साल चैत २२ गते आइतबारको मन्त्रिपरिषद् बैठकबाट शनिबार र आइतबार गरी दुई दिन सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक क्षेत्र बिदाको घोषणा गरेको पाइन्छ । सोही निर्णयका आधारमा शिक्षा तथा मानवस्रोत विकास केन्द्रले पनि स्थानीय तह र विद्यालयलाई परिवर्तित शैक्षिक सत्र र सार्वजनिक बिदाअनुसार शैक्षिक कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिएको छ जुन संविधानको अधिकार बाँडफाँटको अनुसूची विपरित रहेको छ । आगामी शैक्षिक शत्र २०८३ बैशाख २१ गते देखि शुरु गर्ने र शनिवार

तथा आईतवार बिद्यालय बन्द रहने भनि विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदले कानूनको बर्खिलाप हुनेहुँदा कानूनको संसोधन गरेर मात्र संविधानमा रहेको अधिकार मिच्ने लगायतका कार्यहरु गर्नु गराउनु भनी सरकारको गलत कदमलाई कानूनसम्मत तुल्याउनको लागि यो निवेदन लिई आएका छौं ।

३। हामी रिट निवेदकहरु विपक्षीहरुले नेपालको संविधान, शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ लगायतका कानूनमा रहेको व्यवस्था विपरित आगामी शैक्षिक शत्र २०८३ बैशाख २१ गते देखि शुरु गर्ने र शनिवार तथा आईतवार बिद्यालय बन्द रहने भनी निर्णय गरे उपर कानूनी उपचार खोज्ने वैकल्पिक उपाय समेत नभएको हुँदा संवैधानिक एवम् कानूनी आधारमा विपक्षीहरुबाट नेपालको संविधानको धारा १३३ (२)(३) विपरित व्यवस्थालाई नजर अन्दाज गरी विपक्षी सरकारका अन्य निकायले तयार गरेको पाठ्यक्रम तथा उक्त पाठ्यक्रममा प्रयुक्त क्रेडिट आवरको आधारमा पाठ्यक्रम अनुसारको पढाई गर्नु पर्नेमा विपक्षी नेपाल सरकारले आफुखुशी मनलाग्दी स्थानिय सरकारको संवैधानिक अधिकार समेत मिच्ने गरी आइतबार समेत विदा दिने गरी गरेको निर्णय उत्प्रेषणको आदेशले बदर गरी परमादेश लगायतको जो चाहिने उपर्युक्त आज्ञा आदेश जारी गरी पाऊँ भनी निम्नबमोजिम सादर निवेदन गर्दछौ-

३.१) शिक्षा प्राप्त गर्ने प्रत्यक व्यक्तिको आधारभूत मानव अधिकार एव संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एव समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न तथा शिक्षालाई सर्वव्यापि, जीवनपयोगी, प्रतिष्पर्धी एवं गुणस्तरिय बनाउनको लागि विभिन्न अध्ययन अनुसान्धान गरी पाठ्यक्रम बनाई त्यसैका आधारमा वर्षभरीको क्यालेन्डर संमेत तयार गरिएको र आइतबार पनि विदा दिंदा पाठ्यक्रम अनुसारको क्रेडिट आवर पुरा गर्दा पुरै पाठ्यक्रम पढाउन नसकिने अवस्था एकातिर रहेको छ भने अर्को तर्फ विद्यार्थीको शिकाइमा प्रत्यक्ष असर पनि गर्ने हुन्छ ।

३.२) विद्यालयदेखि विश्वविद्यालयका पाठ्यक्रम ६ दिन पढाउने गरी पहिले नै तय गरी बनेको र सातामा ५ दिन मात्र पढाउँदा पाठ्यक्रम पुरा गर्न सक्ने अवस्था रहँदैन । सरकारले दिएको विदा अनुसार गर्ने हो भने हाल बहाल रहेको पाठ्यक्रमलाई परिमार्जन गरेर मात्र २ दिने विदाको निर्णय कार्यान्वयन गर्नु पर्छ । यसैका

आधारमा वार्षिक क्यालेन्डर पनि लागू गर्दा उपयुक्त हुने हुन्छ । २ दिने बिदाका कारणा विद्यालयदेखि विश्वविद्यालय तहसम्म कोर्स पूरा गर्न मुस्किल हुने र विद्यार्थीको सिकाइमा समेत असर पर्ने भएकोले विपक्षी सरकारको २ दिने बिदा दिने निर्णय विद्यालय र विश्वविद्यालयको हकमा पूर्ण अवैज्ञानिक रहेको छ । विपक्षी पाठ्यक्रम विकास केन्द्रले यस विषयमा सरकारलाई राय सल्लाह दिएर मात्र उक्त निर्णय गर्न दिनु पर्नेमा सो तर्फ कुनैपनि काम अगाडि बढेको थाहा जानकारी पाइएको छैन । हाल विद्यमान पाठ्यक्रमले कुन विषय कति घण्टा पठनपाठन गराउने भनेर एकिन गरेकाले त्यसलाई तलमाथि गर्न नमिल्ने हुँदा २ दिने बिदाका कारण सबैतिर उल्झन अन्यौलताको अवस्था छाएको छ ।

३.३) नेपालको संविधान बमोजिम विद्यालय शिक्षाको एकल अधिकार सूचीमा पालिकाको अधिकार रहेकोमा कुनै समन्वय नगरेको, केवल मन्त्रिपरिषदले नीतिगत निर्णय गरी बाध्यात्मक रुपमा लागु गर्न निर्देशन दिएको अवस्था रहेको छ । विपक्षी सरकारले दिएको उक्त निर्देशन स्कुलहरुले कार्यान्वयन गर्दा कानूनले निर्दिष्ट गरेको पढाई हुने जम्मा २२० दिन नपुग्ने र निर्धारित पाठ्यक्रम समयमै पढाउन नसकी विद्यार्थीको पढाईमा नकारात्मक प्रभाव पार्ने भएकोले नेपालको संविधानमा विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई समेत दिइएको छ । पठनपाठनको अवधि बढाउने वा पाठ्यक्रम समायोजन गर्ने विषयमा कुनै ठोस कदम नै नचाली गरेको कार्य गैह संवैधानिक तथा गैहकानूनी रहेको छ । हाल विद्यमान रहेको पाठ्यक्रम अनुसार एउटा विषयमा ९६ घण्टादेखि १२८ र १६० घण्टासम्म पठनपाठन गराउनु पर्ने निश्चित गरिएको पाइन्छ ।

३.४) नेपालको संविधानको धारा ५७ को राज्यशक्तिको बाँडफाटको अनुसूची–८ मा *उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ* भन्ने रहेको पाइन्छ । त्यस्तै अनुसूची–८ मा रहेको स्थानीय तहको एकल अधिकारको सूचीको बुदा नं.८ मा *आधारभुत र माध्यामिक शिक्षाको संबैधानिक अधिकार स्थानीय तहको अधिकारको रुपमा* राखिएको पाइन्छ । विद्यालय शिक्षा सम्वन्धि व्यवस्था संविधानमा स्थानीय सरकारको अधिकार अन्तर्गत राखेकोमा उक्त संवैधानिक व्यवस्था कार्यानवयनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ मौजुदा ऐनको

CamScanner

रहेको र ऐ. ऐनको दफा ११(१) मा गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची ८ मा उल्लेख भए बमोजिम हुने, । उपदफा (२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकारको ब्यवस्था समेत गरेको पाइन्छ ।' ऐ. दफा ११(२)(ज) मा स्थानीय तहले जिम्मा पाएको आधारभुत र माध्यामिक शिक्षा सम्बन्धि ब्यवस्था समेत गरिएको हुँदा स्थानीय सरकारको कानूनी अधिकार हनन गरी संघिय सरकारले कानून बिपरित मन्त्रिपरिषदको निर्णयद्धारा संविधान प्रतिकूल हुने गरी कुनैपनि काम गर्न सक्दैन । विपक्षीहरुका यस्ता गैह संवैधानिक तथा गैहकानूनी कामले गर्दा देशभरीका स्थानिय तह मातहतका सम्पूर्ण शैक्षिक संस्थाहरुमा शनिवार र आईतवार २ दिन सार्वजनिक बिदा दिने, शैक्षिक सत्र २०८३ को भर्ना अभियान २०८३ बैशाख १५ गतेबाट शुरु हुने र बैशाख २१ गतेबाट पठनपाठन सुरु हुने भन्ने व्यवस्था गैह संवैधानिक तथा गैहकानूनी समेत भएको हुंदा बदर गरी पाउँ ।

३.५) शिक्षा नियमावलि, २०५९ को नियम ८४ मा शैक्षिक सत्र, भर्ना गर्ने समय र कामगर्ने दिन सम्वन्धि व्यवस्था गरिएको छ । ऐ.नियमावलीको नियम ८४(१) विद्यालयको शैक्षिक सत्र बैशाख १ गते देखि प्रारम्भ भई चैत्र मसान्त सम्म कायम रहनेछ । उपनियम (५) बिद्यालयको एक शैक्षिक सत्रमा काम गर्ने दिन कम्तिमा २२० दिन हुनेछ । (६) सामुदायिक विद्यालयको शिक्षकले हप्तामा कम्तिमा २४ पिरियडको कक्षा लिनु पर्नेछ । नियम ८५(२) बडादशैंको घटस्थापना देखि पूर्णिमा सम्म विद्यालय बन्द रहनेछ । नियम ८५(३) एक शैक्षिक सत्रमा हिउदे बिदा वा वर्षे बिदा वा दुवै गरी पैतालिस दिन विद्यालय बन्द रहनेछ । नियम ८५(४) उपनियम (२) मा लेखिएदेखि बाहेक ब्यवस्थापन समितिले एक शैक्षिकसत्रमा थप पाँच दिन सम्म स्थानिय बिदा दिई बिद्यालय बन्द गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । एक शैक्षिक शत्रमा पढाई हुने जम्मा दिनको आधारमा पाठ्यभार निर्धारण गरी राष्ट्रिय पाठ्यक्रम तयार गरिएको हुन्छ । सोही पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक तथा विद्यालयका अतिरिक् क्रियाकलापहरु समेत तयार गरिएका हुन्छन् । तर, विपक्षी सरकारले सो तर्फ कुनैपनि अध्ययन नगरी हचुवा किसिमले आइतबार समेत विदा दिने निर्णयले सबै सरकारी तथा संस्थागत विद्यालयका विद्यार्थी भाइबहिनीहरुलाई असर गर्न जाने र शिक्षा ऐन समेतमा भएको

ब्यवस्था हेर्दा उक्त निर्णय गैहकानूनी रहेको प्रष्टै छ । यसरी वार्षिक शैक्षिक योजना तयार गरेर एक शैक्षिक शत्रमा वर्षभरी पढाई हुने दिन, पाठ्यक्रम, पाठ्यभार, पढाई हुने पिरियड र प्रत्येक पिरियडको समय निर्धारण हरेक विद्यालयले गरेको हुन्छ ।

३.६। पाठ्यक्रम र पाठ्यभारको बिस्तृत समायोजन नगरी शैक्षिक सत्र सुरु हुने समय र जम्मा पढाई हुने दिनलाई मात्र निरपेक्ष रुपमा परिवर्तन गर्न सक्ने कानूनी तथा ब्यवहारिक अवस्था नभएको अवस्थामा विपक्षी नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४३५, मिति २०८२।१२।२५ को पत्र र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं.६७, मिति २०८२।१२।२६ को पत्रले सम्पूर्ण शैक्षिक संस्थाहरुमा शनिवार र आईतवार २ दिन सार्वजनिक बिदा दिने, शैक्षिक सत्र २०८३ को भर्ना अभियान २०८३ बैशाख १५ गतेबाट शुरु हुने र बैशाख २१ गतेबाट पठनपाठन सुरु हुने ब्यहोरा अनुरोध छ भनि पत्राचार भई शैक्षिक संस्थाहरु समेत अन्यौलमा रहेको हुँदा बिभिन्न पालिकाहरुले विद्यालय संचालनमा समेत सरकारको मुख नताकी आफुखुशी निर्णय गरेको अवस्था समेत भएकोले विपक्षी नेपाल सरकार तथा मन्त्रालयको पत्राचार समेत उत्प्रेषणको आदेशले बदर गरी कानूनमा ब्यवस्था भएको समयमा विद्यालयको पठनपाठन संचालन गर्न पाउने परमादेशको आदेश जारी गरिपाउ भनि सम्मानित अदालतको शरणमा आएको छु ।

३.६) सर्वप्रथम २०४७ सालमा अदालतहरूमा साताको दुई दिन बिदा दिने चलन अभ्यास गरिएको थियो। २०४८ सालमा तत्कालीन प्रशासन सुधार आयोगले खर्च कटौती र प्रशासनिक सहजताका लागि दुई दिने बिदाको सिफारिस गरेको थियो। आयोगकै सिफारिसका आधारमा २०५६ सालमा काठमाडौं उपत्यकामा साताको दुई दिन बिदा दिन सुरु गरियो, तर त्यो लामो समय टिक्न सकेन र असफल सावित भयो। पछिल्लो समय २०७७ मङ्सिरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले गठन गरेको समितिले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि दुई दिने बिदाको सिफारिस गरेको थियो। त्यसपछि २०७९ सालमा पनि केही समय परीक्षण गरिए पनि अन्ततः सरकार एक दिने बिदाकै निर्णयमा फर्किएको थियो। नेपालमा कार्यालय समय र बिदाको सुरुवात राणाकालदेखि भएको पाइन्छ। सर्वप्रथम देव शमशेरले बिहान १०

देखि ५ बजेसम्मको कार्यालय समय तोकेका थिए। पछि भीम शमशेरले यसलाई १० देखि ४ बजेसम्म झारेका थिए। देव शमशेरकै पालादेखि शनिबार बिदा दिने चलन सुरु भएकोमा भीम शमशेरले शुक्रबार आधा दिन र शनिबार पूर्ण बिदाको व्यवस्थालाई संस्थागत गरेका थिए। त्यस्तै, पद्म शमशेरले मौसम अनुसार १०कात्तिकदेखि माघसम्म )-४ र फागुनदेखि कात्तिकसम्म १०-५कार्यालय समय ( तोक्ने प्रचलनचलाएका थिए भन्ने इतिहास पाइन्छ ।

३.७) २०५६ सालमा कृष्ण प्रसाद भट्टराई सरकारको पालामा दुईदिने विदा दिने प्रचलन सुरु भएको भए पनि करिब २ वर्ष पनि त्यसलाई निरन्तरता दिन सकेको थिएन भने फेरी २०७९ सालमा शेरबहादुर देउवा नेतृत्वको सरकारले हप्ताको दुई दिन विदाको घोषणा गरे। तर, जनताबाट व्यापक गुनासोहरु आउन थालेपछि करिब १ महिनामा नै सो घोषणाबाट सरकार पछि हटेको थियो । विद्यालय वा विश्वविद्यालयहरुमा अहिलेको पाठ्यक्रम हेर्दा यो निर्णयले कही न कही शिक्षा क्षेत्रमा असर गर्ने जस्तो देखिएको छ । हाम्रो देशको पाठ्क्रम, पाठ्यभार, परीक्षा प्रणाली, पाठ्यपुस्तकको भार र त्यसभित्रको अध्ययन शिर्षक आदिका कारण एकै शैक्षिक सत्रमा सम्पूर्ण विषयवस्तुहरु हाम्रो शिक्षा प्रणालीले चाएको उद्देश्य पुरा हुनेछ भन्ने कुरामा विश्वास गर्ने अवस्था देखिदैन । नेपाल बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक र भौगोलिक विविधता भएको देश भएकाले दुईदिने विदासँगसँगै केही राष्ट्रिय दिवसहरु, धार्मिक तथा साँस्कृतिक चाडपर्वहरु, प्रदेशका विशेष दिनहरुका साथै स्थान विशेषमा हुने स्थानीय जातीय पर्वहरु आदिका कारण अन्य विदाहरु घटने सम्भावना रहेको देखिदैन । त्यस्तै हिमाली जिल्लाहरुमा चिसोका कारण र तराई क्षेत्रमा अत्याधिक गर्मीका कारण र पहाडी क्षेत्रमा पनि वर्षाको समयमा हुने बाढी पहिरोले पनि थप केही दिन बाध्यात्मक विदा हुने देखिन्छ । अहिले हामीले विद्यालयहरुमा अध्ययन गरिरहेका पाठ्यपुस्तक, अभिभावकको भावना, शिक्षकहरुलाई विद्यार्थी पास गराउनैपर्ने दवाबका कारण यो विदाले गुणस्तरीय शिक्षामा धेरै असर पार्ने देखिन्छ । हाम्रो जस्तो अविकसित या भनौ विकासोन्मुख देशहरुले ध्यान दिनुपर्ने सबैभन्दा महत्वपूर्ण क्षेत्र भनेकै शिक्षा र स्वास्थ्य नै हो । अहिले नयाँ शैक्षिक सत्र पनि सुरु भइसकेको अवस्थामा पाठ्यक्रमलाई परिवर्तन गर्न सकिने अवस्था पनि देखिदैन भने सरकारले गरेको निर्णयलाई पनि अवज्ञा गर्न सकिदैन । त्यसैले यो समयमा शिक्षामा पनि केही

संक्रमणकालिन अवस्थाका रुपमा विश्लेषण गरी पाठ्यभार घटाएर वा अन्य कुनै माध्यमले शिक्षालाई गुणस्तरीय बनाउनेतर्फ सरकारले कदम चाल्नुपर्ने देखिन्छ ।

३.८) शिक्षक, विद्यालय प्रशासन, नगर तथा गाउँपालिका शिक्षा समिति, शिक्षा विकास तथा समन्वय इकाई तथा शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले अबको शैक्षिक सत्रको लागि सिकाइका लागि नयाँ वर्गीकरण तथा पाठ्यक्रमको गहन विश्लेषण र वर्गीकरण गरी लागू गर्न जरुरी देखिएको छ । अझ नेपालको संविधानको धारा ३१ मा व्यवस्था भएको प्रत्येक नेपालीले आधारभूत शिक्षासम्म अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गरेको छ भने वर्तमान सरकारले पनि आफ्नो १८ बुँदे प्रतिवद्धतापत्रको मस्यौदामा पनि यही कुरालाई उल्लेख गरेको छ । अब यसको कार्यान्वयन पक्षलाई विश्लेषण गर्दा हाल नेपालमा विद्यार्थीको अनुपातमा शिक्षकको अभाव चरम छ, जसले गर्दा विद्यालयहरुले निजी स्रोत वा आन्तरिक आम्दानीवाट शिक्षक भर्ना गर्नुपर्ने अवस्था छ । कक्षाकोठाहरुको प्रयाप्तता नहुनु, शिक्षक तथा विद्यार्थीहरुका लागि शैक्षिक सामग्रीको अभावले निःशुल्क शिक्षालाई चुनौति नै दिएको छ भने अझै संस्थागत विद्यालयहरुले यो नियमलाई कसरी अवलम्बन गर्ने हुन् त्यो त हेर्न बाँकी नै छ । नेपालको गणस्तरीय शिक्षाका साथै अन्तर्राष्ट्रिय बजारमा प्रतिष्पर्धात्मक विद्यार्थी उत्पादन र विकासमा निजी विद्यालयहरुको महत्वपूर्ण स्थान रहेको छ । निजी विद्यालयहरुका आफ्नै आन्तरिक समस्या छन् । योसँगै करोडौं लगानी लाखौं विद्यार्थीहरु र हजारौ शिक्षक–कर्मचारीहरु कार्यरत छन् ।

३.८) सरकारी कार्यालयमा शनिबार र आइतबार विदा रहेको छ । तर निजि कार्यालयहरुमा आइतबार बाध्यकारी आइतबार विदा नभएको तथा हामी निवेदकहरु पनि कानून व्यवसायी भएकोले हामीहरुको पनि आइतबार विदा नहुने हुँदा हामीले हाम्रा बालबालिकाको रेखदेख गर्न छुट्टै व्यवस्था गर्नु परिरहेको छ । वर्षभरि ५२ दिन शनिबार र ५२ दिन आइतबार बिदा हुँदा १०४ दिन त सातान्तमै बित्ने देखिन्छ। यसबाहेक ३२ दिन प्रदेश र सार्वजनिक बिदा थपिंदा कुल बिदा १३६ दिन पुग्छ। शिक्षा नियमावली अनुसार विद्यालय कम्तीमा २२० दिन खुल्नुपर्ने व्यवस्था छ। तर, हालको बिदाको तालिका अनुसार विद्यालय खुल्ने दिन मात्र १७४ दिन बाँकी रहन्छ। यसले गर्दा खुल्ने भनिएको १७४ दिनमध्ये पनि परीक्षा सञ्चालन (२१ दिन) र भर्ना अभियान तथा नतिजा प्रकाशन (१५ दिन) कटाउँदा

खुद पठनपाठनका लागि मात्र १३८ दिन बाँकी रहन्छ। यो राष्ट्रिय पाठ्यक्रमले तोकेको न्यूनतम १८०-१९० दिनको तुलनामा निकै कम हो। थोरै समयमा पाठ्यक्रम पूरा गर्नुपर्ने दबाबका कारण शिक्षक, विद्यार्थी र अभिभावक सबै मारमा परेको र शैक्षिक सत्र २०८३ को कार्यपात्रो बनाउन समेत कठिन भएको विभिन्न स्थानिय निकायले समेत माग गरेको अवस्था रहेको छ ।

३.९। सन् २०२६ को तथ्याङ्कका आधारमा प्रमुख विकसित देशहरूमा न्यूनतम पढाइका दिनहरू निम्नानुसार छन्: दक्षिण कोरिया: यहाँ विश्वकै सबैभन्दा लामो शैक्षिक सत्रमध्ये एक, करिब २२०–२३० दिन पढाइ हुन्छ। जापान: जापानमा करिब २०० देखि २४३ दिन सम्म विद्यालय सञ्चालन हुन्छ, जुन अन्य विकसित देशको तुलनामा धेरै हो। अस्ट्रेलिया: अस्ट्रेलियामा वार्षिक लगभग १९६–२०० दिन पठनपाठन हुन्छ। संयुक्त अधिराज्य )UK): इङ्ग्ल्यान्ड, स्कटल्याण्ड र वेल्समा वर्षको १९० दिन विद्यालय सञ्चालन हुन्छ। संयुक्त राज्य अमेरिका )USA): अमेरिकामा राज्य अनुसार फरक भए पनि सामान्यतया १८० दिन न्यूनतम विद्यालय सञ्चालन हुनुपर्ने नियम छ। क्यानडा: क्यानडामा पनि लगभग १९० दिन पढाइ हुन्छ। फ्रान्स: फ्रान्समा शैक्षिक सत्र तुलनात्मक रूपमा छोटो छ, जहाँ करिब १६२ देखि १७४ दिन सम्म मात्र विद्यालय खुल्छ, तर दैनिक पढाइको घण्टा बढी हुन्छ। फिनल्याण्ड: यहाँ वार्षिक करिब १९० दिन पढाइ हुन्छ, तर दैनिक पढाइ ४घण्टाको मात्र हुन्छ र ५-फोकस गुणस्तरमा हुन्छ। भारतमा करिब २०० देखि २१० दिनसम्म पढाइ हुन्छ । चीन, जापान र दक्षिण कोरिया जस्ता देशहरूमा २१० देखि २३० दिनसम्म विद्यालय सञ्चालन हुन्छ।

४. अतः माथि उल्लिखित आधार कारण एवं मिसिल संलग्न प्रमाण कागजको आधारमा नेपालको संविधान तथा कानूनले निर्धारण गरेको विषयमा स्थानिय तहको अधिकार खोस्ने गरा गरेको कार्य गैह्र संवैधानिक त हुँदै हो त्यसमा पनि अवैज्ञानिक तरिकाले विद्यलायको शिक्षामा समेत प्रत्यक्ष असर पर्ने गरी विपक्षी सरकारबाट भएको काम हामी आम नेपाली नागरिक र हाम्रा सन्ततीलाई समेत असर गर्ने गरी शिक्षा ऐन नियममा विद्यालय शिक्षाको शैक्षिक क्यालेन्डर निर्धारण एवम् पाठ्यक्रम विकास भएको तथा स्थानिय सरकार संचालन ऐन २०७४ को कानूनी व्यवस्था बमोजिम बिद्यालय शिक्षाको सम्पूर्ण अधिकार स्थानीय सरकारको एकल अधिकार सूचीमा रहेकोमा विपक्षीहरुले आफूखुशीले स्थानीय सरकारसंग

CS CamScanner

कुनैपनि समन्वय तथा सञ्चार समेत नगरी एकपक्षिय रुपमा शैक्षिक सत्र २०८३ शुरु हुने मिति, साप्ताहिक बिदा, जम्मा पढाईहुने दिनमा व्यापक परिवर्तन गरी घटाएको, विद्यालय शिक्षा सम्वन्धि मौजुदा कानूनमा कुनै संशोधन, परिवर्तन समेत नगरी संविधानले दिएको अधिकार समेतलाई मिचि केवल मन्त्रिपरिषदको नीतिगत निर्णयको आधारमा मात्र शिक्षा जस्तो संवेदनसिल विषयमा पुरै शैक्षिक सत्रमा नकारात्मक असर पर्ने गरी स्थानीय निकायलाई निर्णय कार्यान्वयन गराउन पत्राचार गरेको, पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यभारमा नघटाई शैक्षिक सत्र शुरु गरेको, बार्षिक पढाईहुने दिनको समय सारणि घटाएको, शिक्षकले हप्तामा पढाउनुपर्ने पिरियड घटाएको कारण शिक्षकले निर्धारित समयमै पाठ्यपुस्तक पढाउन नसक्ने अवस्था रहेको, संघिय सरकारको पत्राचार बिपरित अधिकाशं पालिकाहरुले फरकफरक समयमा शैक्षिक सत्र २०८३ सुरु गरेको हुँदा वार्षिक शैक्षिक क्यालेण्डर अस्तव्यस्त भई बिद्यार्थीको शैक्षिक गुणस्तर तथा सिकाई उपलब्धिमा कमी आउने भएकोले नेपालको संविधान्को धारा ३१, संविधानको अनुसूची ८, स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ११(१) (२) (२)(ज), अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५ को दफा २(६), २०(१), शिक्षा ऐन, २०२८ को दफा १६घ(१ञ), शिक्षा नियमावलि, २०५९ को नियम ८४(१),(५)(६), ८५(२)(३)(४) समेतको विपरित हुने गरी विपक्षी विपक्षी नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, विपक्षी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ४३५, मिति २०८२।१२।२५ को पत्र र विपक्षी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं.६७, मिति २०८२।१२।२६ को पत्र, विपक्षी शिक्षा मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयलाई मिति २०८३।०२।११ र विपक्षी सामान्य प्रशासन मन्त्रालयले मिति २०८३।०२।१८ मा जारी गरेको पत्र तथा अन्य असर गर्ने खालका सूचना तथा पत्राचारहरु समेत उत्प्रेषणको आदेशले बदर गरी मौजुदा संवैधानिक व्यवस्था तथा कानूनमा व्यवस्था भए वमोजिम बिद्यालयको पठनपाठन संचालन गर्ने व्यवस्था गर्नु, विद्यालयमा आइतबार विदा नगर्नु भन्ने संवैधानिक तथा कानूनी व्यवस्था कार्यान्वयन गर्नको लागि बिपक्षीहरुको नाममा परमादेश लगायतका अन्य उपयुक्त आज्ञा आदेश जारी गरिपाउ भनि सम्मानित अदालतको शरणमा आएको छु ।

५. प्रस्तुत मुद्दाको अन्तिम किनारा नलाग्दासम्म शैक्षिक सत्र २०८३ शुरु भइरहेको र संविधानमा प्रयुक्त भएको स्थानिय सरकारको अधिकारमा खोस्ने कार्य विपक्षीहरुबाट भएको देखिँदा विद्यालयहरुमा आइतबार विदा दिने अधिकार स्थानिय निकायहरुको मात्र भएकोले

विद्यालयहरुमा समेत दिइएको हुँदा विद्यालयहरुको हकमा उक्त आइतबार बिदा दिने विपक्षीहरुको निर्णय कार्यान्वन नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम मुद्दाको अन्तरिम आदेश जारी गरी पाउँ ।

६. यस निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरी हेरी पाउँ ।

७. सर्वोच्च अदालत नियमावली, २०७४ बमोजिम लाग्ने दस्तुर यसै साथ संलग्न छ ।

८. हामी निवेदकहरु कानून व्यवसायी रहेको हुँदा हामीहरुको तर्फवाट उपस्थित भई गर्ने बहस पैरवि र पेश गर्ने आवस्यक कागजातलाई समेत यस निवेदनको अभिन्न अंग मानी पाउँ ।

९. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४३ बमोजिम समानान्तर अधिकार क्षेत्र प्रयोग गरी उपचार माग गरेको छैन ।

१०.प्रमाणहरु:

(क) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान ।

(ख) निवेदक कानून ब्यवसायीको प्रमाण पत्रको प्रतिलिपि ।

(ग) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंको पत्रको प्रतिलिपि ।

(घ) शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको प्रतिलिपि ।

(ङ) विभिन्न विद्यालयका पत्राचारहरुको प्रतिलिपीहरु ।

(च) मिति २०८३।०२।११ र मिति २०८३।०२।१८ को पत्रको प्रतिलिपी ।

११. माथि लेखिएको व्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

बा. भागरथीकुमारी जोशी

इति सम्वत २०८३ साल जेष्ठ महिना...१९...गते रोज...२...शुभम् .................................।

CamScanner